# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

क्रिश्चियन धर्मावलम्बीहरूको प्रमुख चाड क्रिसमसको उपलक्ष्यमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण क्रिश्चियन धर्मावलम्बी दाजुभाई दिदीबहिनीहरूमा शुभकामना व्यक्त गर्दछु।

हरेक वर्ष डिसेम्बर २५ लाई ईसाई धर्मका अनुयायीहरू येशु ख्रिष्टको जन्मदिनको रूपमा मनाउँछन् । क्रिसमसको बेला गीर्जाघरमा प्रार्थना गर्ने, घर सजावट गर्ने, उपहार आदानप्रदान गर्ने, साङ्गितिक कार्यक्रम गर्ने अनि परिवार साथीसङ्गी भेला भएर शुभकामना बाँडेर र खानपिन गरेर रमाइलो र हर्षोल्लासका साथ मनाइन्छ। हाम्रो देश धर्म निरपेक्ष देश हो। सबै धर्मलाई राज्यले एकै समानले हेरेको छ। हाम्रो धार्मिक सहिष्णुता संसारमै उदाहरणका रूपमा रहेको छ। हामी एक अर्काका धार्मिक स्वतन्त्रतालाई सम्मान गर्दै सभ्य र सुन्दर समाज निर्माणको दिशामा अझै अघि बढ्नुपर्छ। हाम्रा चाडपर्वहरूले यिनै विशेषतालाई अङ्गीकार गरेका छन्। अन्तमा यहाँहरू सबैमा क्रिसमसले नयाँ उर्जा र उमङ्ग ल्याउने अपेक्षासहित पुनः शुभकामना प्रकट गर्दछु।

धन्यवाद।

२०८१ साल पुष १० गते, बुधबार।

दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख